# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र


खण्ड : ९ संख्याः ३० प्रमाणिकरण मितिः २०८३/०३/२७


भाग (१)

जीतपुरसिमरा उपमहानगरपालिका

## सार्वजनिक-निजी साझेदारी ऐन, २०८३

**प्रस्तावनाः** सार्वजनिक-निजी साझेदारीको माध्यमबाट निजी क्षेत्रको आर्थिक, प्राविधिक तथा मानव संशाधनको अधिकतम उपयोग गरी जीतपुरसिमरा उपमहानगरपालिकामा पूर्वाधार संरचनाको निर्माण, संचालन, व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाह गरी रोजगारीको अवसर सृजना गरी, स्थानीय तथा आन्तरिक श्रोत साधनलाई अधिकतम प्रयोग गरी गरिवी निवारणमा सहयोग पुर्याउदै देशको कुल ग्राहस्थ उत्पादनमा अभिबृद्धि गर्दै मुलुकको वृहत सामाजिक तथा आर्थिक विकास गर्न तथा सर्वसाधारणलाई भरपर्दो किफायती र सर्वसूलभ रुपमा सेवा सुविधा उपलव्ध गराउने सम्वन्धमा आवस्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा १ वमोजिमको जीतपुरसिमरा उपमहानगरपालिकाको नगरसभाले यो ऐन वनाएको छ।


जीतपुरसिमरा उपमहानगरपालिका

## परिच्छेद १
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः** १. यस ऐनको नाम "जीतपुरसिमरा उपमहानगरपालिकाको सार्वजनिक-निजी साझेदारी ऐन, २०८३" रहेको छ ।

२. यो ऐन नगर सभाबाट पारित भई राजपत्रमा प्रकाशन भएको मितिदेखी प्रारम्भ हुनेछ ।

**२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क) "अनूमती पत्र" भन्नाले आयोजना कार्यान्वयन गर्न दफा ३३ वमोजिम दिएको अनूमती-पत्र सम्झनुपर्छ।

ख) "अनूमती पत्र प्राप्त व्यक्ति" भन्नाले आयोजना कार्यान्वयन गर्न अनुमती-पत्र प्राप्त व्यक्ति सम्झनुपर्छ।

ग) "प्रमुख " भन्नाले कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।

घ) "अनुमानित आयोजना लागत" भन्नाले देहाय मध्ये जून वढि हुन्छ सो लगायतलाई जनाउने छ ।

१) आयोजना कार्यान्वयन गर्ने निकायले सम्भाव्यता अध्ययनमा उल्लेख गरेको आयोजना विकासमा लाग्ने रकम वा ,

२) सम्भाव्यता अध्ययनका क्रममा उल्लेखित सार्वजनिक निकायबाट निजी निकायमा जाने जम्मा अनुमानित रकमको खूद वर्तमान मुल्य पछिल्लो सरकारी ऋणपत्रको दरमा २ प्रतिसत थप गर्दा हुन आउने रकम ।

ङ) आयोजना भन्नाले यस ऐन वमोजिम सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गरिने कुनै नया पुर्वाधार संरचनाको डिजाइन, निर्माण, विकास, संचालन वा व्यवस्थापन सम्झनू पर्छ र सो शब्दले देहायका कुरा समेत जनाउने छ ।

१) मौजुदा पुर्वाधार संरचनाको पुर्नस्थापना आधूनिकीकरण, विस्तार वा संचालन तथा व्यवस्थापन ।

२) विकास निर्माणको कार्य ।

३) सार्वजनिक सेवा सुविधाको प्रवाह ।

क) "कार्यपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

ख) "निजी निकाय" भन्नाले सार्वजनिक-निजी साझेदारी अन्तरगत आयोजना कार्यान्वयन गर्ने सार्वजनिक निकाय वाहेकको निकाय सम्झनु पर्छ र सो सव्दले प्रचलित कानुन वमोजिम व्यवस्थापन भएका वा मान्यता प्राप्त फर्म, कम्पनी, सहकारी, स्थानीय सामुदायिक सस्था वा गैर सरकारी सस्था सम्झनुपर्छ ।

ग) "निर्माण" भन्नाले पुर्वाधार संरचनाको निर्माण विकास वा पुर्रस्थापना गर्ने कार्य सम्झनुपर्छ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका , नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

ङ) "पूर्नस्थापना" भन्नाले मौजूदा पुर्वाधार संरचनाको मर्मत विस्तार वा पुनर्निर्माण गरी पुनरुथापना गर्ने कार्यालाई सम्झनुपर्छ ।

च) "पूर्वाधार संरचना" भन्नाले स्थानीय स्तरका विकास आयोजनाहरु, स्थानीय सडक, ग्रामिण सडक, पूल, आकाशे पुल, अस्पताल, नहर, वैकल्पिक उर्जा, ट्रलीवस, नगर बस, म्याट्रो सेवा, संरचना, ट्रामवे, प्रर्दशनिक स्थल, पार्क, जलासय, बाध, ढल निकास, फोहोर मैला प्रसोधन तथा व्यवस्थापन प्लान्ट, बधशाला, कृषि, बन, सिचाई तथा पर्यटनसग सम्वन्धित संरचना,

रंगशाला, सार्वजनिक सभागृह, बहुआवासिय भवन, व्यवसायिक भवन, सार्वजनिक गोदाम घर, सम्झनुपर्छ, सो शव्दले यस्तै प्रकृतीका अन्य पुर्वाधार संरचना समेतलाई जनाउछ ।

छ) “लेखाजोखा समिति” भन्नाले दफा (१२) को उपदफा (१) वमोजिम हुने आयोजना लेखाजोखा समिति सम्झीनु पर्छ।

ज) “सम्झौता” भन्नाले आयोजना कार्यान्वयन गर्न दफा (२९) वमोजिम प्रस्तावकसंग गरिएको सम्झौता सम्झनु पर्छ।

झ) “सर्वेक्षण” भन्नाले आयोजना कार्यान्वयन गर्नको लागि गरिने सर्वेक्षण सम्झनु पर्छ सो शव्दले आयोजनाको सम्भाव्यता अध्ययन, इन्जिनियरिंग डिजाईन कार्य र त्यसको लागि गरिने अन्भेषण समेतलाई जनाउनेछ ।

ञ) “सानिसा इकाई” भन्नाले दफा (११) को उपदफा (१) वमोजिम स्थापना हुने सार्वजनिक-निजी साझेदारी इकाई सम्झनुपर्छ ।

ट) “सानिसा समिति” भन्नाले दफा (१०) को उपदफा (१) वमोजिमको सार्वजनिक-निजी साझेदारी समिति सम्झनुपर्छ।

ठ) “सार्वजनिक-निजी साझेदारी” भन्नाले सार्वजनिक सेवासंग सम्वन्धित कुनै आयोजनाको निर्माण, संचालन, व्यवस्थापन वा सम्भार तथा वित्तीय लगानीमा आंशिक वा पूर्ण रुपमा निजी क्षेत्रलाई संलग्न गराउने गरी सार्वजनिक निकाय र निजी निकायबीच भएको करारीय प्रबन्ध सम्झनुपर्छ ।

ड) “स्थानीय सरकार” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

ढ) “सोझै प्राप्त भएको प्रस्ताव” भन्नाले सानिसा समितिले आव्हान नगरेको तर कुनै इच्छुक निजी निकायवाट विगतमा त्यस्ता परियोजना संचालन नभएका (नविनतम) परियोजन पहिचान गरी कार्यान्वयनका लागि पेश गरिएको प्रस्ताव सम्झनू पर्छ ।

ण) “शूल्क” भन्नाले अनूमती-पत्र प्राप्त व्यक्तिले सेवा सूविधा उपलव्ध गराए वापत उपभोक्तासंग लिने सेवा शुल्क सम्झनू पर्छ ।

प) “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले यस ऐन अन्तरगत वनेको निकायमा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ ।

## परिच्छेद २
## सार्वनजिक निजी साझेदारीको ढाचा

**३) सार्वनजिक-निजी लगानीमा आयोजना कार्यान्वयन गर्न सकिने** : १. पुर्वाधार संरचना सम्वन्धि कुनै आयोजना गर्न तथा उपमहानगरपालिकाले कानुन वमोजिम उठाउन पाउने कर संकलन गर्न तथा उपमहानगरपालिकाको कुनै सेवा उपलब्ध गराउनका लागी समेत सार्वजनिक-निजी साझेदारीमा यस ऐन वमोजिम कार्य गर्न सकिनेछ ।

२. सार्वजनिक-निजी साझेदारी आयोजनामा देहायका विषेशताहरु मध्ये अधिकांश विषेशताहरु समिश्रण भएको हुनुपर्नेछ।

क. पूर्वाधार सेवाको निर्माण, पुर्नस्थापना वा आधुनिकिकरण गर्ने उद्देश्यका लागि निजी निकायको पूर्ण वा आंशिक पूजी लगानी भएको,

ख. पुर्वाधार वा सेवाको संचालन, मर्मत वा सेवा प्रदान गर्ने गरी निजी निकायलाई जिम्मेवारी दिईएको वा संचालन वा मर्मत गर्ने गरी आयोजनाको व्यवस्थापन, सम्झौता भएको,

ग. निजी निकायका पुर्वनिर्धारित मापनयोग्य मानक अनुसारको कार्यसम्पादनसंग आवद्ध भुक्तानीको व्यवस्था भएको,

घ. निजी निकायवाट पुर्ण वा आंशिक रुपले आम्दानीको जोखिम

ङ. आयोजनाको सम्झौता अवधि स्पष्ट भएको ।

४) **सार्वजनिक-निजी साझेदारीका ढाचाहरु** : दफा (३) को अधिनमा रही सार्वजनिक-निजी साझेदारीका ढाचाहरु देहाय वमोजिम हुनसक्नेछ ।

क. संचालन पूँजी वाहेक निजी लगानी आवश्यक नपर्ने प्रकृतीको संचालन तथा व्यवस्थापन करार,

ख. न्युन वा उल्लेखनिय निजी पूँजी आवश्यक पर्ने निर्माण, स्वामित्वकरण, संचालन तथा हस्तान्तरण करार,

ग. माथि खण्ड क) वा ख) मा उल्लेखित करारका अन्य रुपहरु ।

**५) सार्वजनिक-निजी साझेदारी नमानिने अवस्था** : यस ऐनका प्रयोजनका लागी आयोजना सम्वन्धि वित्तिय, प्राविधिक, संचालन वा जोखिम सम्वन्धमा स्थानीय सरकार र निजी निकाय दुवैको सहभागीता नरही स्थानीय सरकारले निजी निकायवाट कुनै काम वा सेवा प्राप्त गर्ने उदेश्यवाट संचालन हुने कार्यलाई सार्वजनिक-निजी साझेदारी प्रवन्ध मानिने छैन ।

**६) सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन नगरिने आयोजनाः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका आयोजना सार्वजनिक-निजी साझेदारी माध्यमवाट कार्यान्वयन गरिने छैन ।

क. आयोजना सम्वन्धि वित्तिय, प्राविधिक वा संचालन सम्वन्धि जोखिम निजी निकायलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम र/वा सेवा प्राप्त गर्ने उदेश्यवाट संचालन हुने,

ख. सार्वजनिक सम्पती वा दायित्वको निजीकरण हुने,

ग. सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारिकरण हुने,

घ. सार्वजनिक कार्यकोलागि निजी निकायबाट प्रदान गरिएकोदान, चन्दा वा उपहार प्राप्त हुने ।

ङ देशको सुरक्षा सम्वन्धि प्रावधानहरु समावेश हुने आयोजना ।

च. स्थानीय सरकारले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन नगरिने भनी अलग गरिएको आयोजनाहरु।

छ. सार्वजनिक हितका दृष्टिले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न नहुनेआयोजनाहरु ।

**७) सार्वजनिक निजी साझेदारी आयोजना छनौटका आधारहरुः** १. देहायका मुख्य आधारहरुमा सार्वजनिक निजी साझेदारी वमोजिम कुनै आयोजना कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गरिनेछ ।

क. स्थानीय सरकारले यस्तो आयोजनाको लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको,

ख. आयोजनाको कार्यान्वयनका लागि गरिएको खर्च वा लागानीबाट सार्वजनिक स्तरका गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको ।

ग. आयोजना आर्थिक रुपमा सम्भाव्य भए वा नभएको ।

घ. स्थानीय सरकार र निजी निकायबिच जोखिम तथा लाभको उचित ढंगमा बाँडफाँड हुने अवस्था भए वा नभएको ।

२. सार्वजनिक-निजी साझेदारी वमोजिम कुनै आयोजना कार्यान्वयनका लागि सार्वजनिक-निजी साझेदारीको ढाँचा छनौट गर्दा देहायका कुराहरुलाई ध्यान दिनुपर्नेछ ।

क. आयोजनाको उद्देश्य पुरा हुने उपयुक्त स्वरुप भएको ।
ख. आयोजनाको लागि निजी निकायकोसाधन श्रोत उपलव्ध भएको ।
ग. आयोजनाको डिजाइन, लागानी, निर्माण, संचालन वा मर्मत सम्भारमा निजी निकायले वहन गर्न सक्ने भुमिका भएको ।
घ. सम्भावित लागानीकर्ताहरुद्धारा स्विकार गर्न सक्ने अवस्था रहेको ।
ङ. उपभोक्ता तथा समुदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको ।
च. वित्तिय संस्था तथा लागानीकर्ताहरुद्धारा स्विकार गर्न सक्ने अवस्था रहेको।
छ. लाभ तथा जोखिम बाडफाडको स्वरुप निर्धारण भएको।
ज. उपमहानगरपालिकाको आर्थिक तथा व्यवस्थापकीय क्षमता भएको ।
झ. आयोजना सम्झौताको अवधि उल्लेख भएको ।
ञ. जटिल प्रकृतीका सार्वजनिक-निजी साझेदारी सम्झौताहरु कार्यान्वयन गर्न सक्ने मानव संशाधनको उपलव्धता भएको।

**८) सार्वजनिक खरिद कानुन आकर्षित नहुनेः** यस ऐन वमोजिमको आयोजनाको पहिचान, स्वीकृति, निजी निकायको छनौट, अनुगमन तथा कार्यान्वयन यसै ऐनको व्यवस्था वमोजिम गरिनेछ र सो सम्वन्धमा सार्वजनिक खरिद सम्वन्धी प्रचलित कानुनको व्यवस्था लागू हुने छैन ।

## परिच्छेद ३
## संस्थागत संरचनाः

**९) नगर कार्यपालिकाः** १. देहाय आयोजनाको लागि सम्भाव्यता अध्ययन अनुसार आयोजनाको खरिद प्रकृया सुरु गर्न स्वीकृति दिने तथा नीतिगत समन्वय गर्ने कार्य कार्यपालिकाबाट हुनेछ :

क. पाच करोड रुपैया वा सो भन्दा वढि अनुमानित आयोजना लागत भएको ।
ख. सम्भाव्यता न्यून परिपूर्ति कोष वा अन्य कुनै सरकारी अनुदान वा आर्थिक सहयोग आवश्यक भएको।
ग. अन्य स्थानीय सरकार, प्रदेश सरकार वा केन्द्रीय सरकारसँगको साझेदारी वा सहभागीतामा कार्यान्वयन गरिने आयोजनाहरु । तर उपयूक्त वमोजिमको आयोजनाको खरिद प्रकृयाको स्वीकृति पश्चात प्रस्तावदाता छनौट गर्ने तथा आयोजना सम्झौता गर्ने कार्य भने दफा १० वमोजिमको सानिमा समितिले गर्नेछ ।
२. नगरकार्यपालिकाको कार्यक्षेत्र देहाय वमोजिम हुनेछ ।

क. सार्वजनिक-निजी साझेदारीसँग सम्वन्धित सम्पुर्ण नितिगत विषयहरुमा मार्गदर्शन गर्ने,
ख. सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने गरी पहिचान गरिएका आयोजनाहरुको स्विकृती दिने,
ग. समितिबाट सार्वजनिक-निजी साझेदारीका लागि लागानीका क्षेत्रहरु पहिचान गरे पश्चात सो को स्विकृती दिने,
घ. उपदफा १ वमोजिमको सार्वजनिक-निजी साझेदारीका आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी खरिद सम्वन्धि कागजात तथा मस्यौदा आयोजना सम्झौता लगायत आयोजनाहरु खरिद प्रकृयामा लैजान स्विकृती प्रदान गर्ने, र
ङ. सार्वजनिक-निजी साझेदारीमा संचालित आयोजनाका कार्यान्वयनमा सम्वद्य निकायहरुसँग आवश्यक समन्वय गर्ने।

**१०) सानिसा समितिः** १. यस ऐन वमोजिमको आयोजना कार्यान्वयन गर्नका लागि कार्यपालिकाको प्रमूखको अध्यक्षतामा देहाय वमोजिमको प्रत्येक आयोजनाका लागि एक सानिसा समिति रहनेछ ।

क. कार्यपालिकाको प्रमुख — अध्यक्ष

ख. कार्यपालिकाको उपप्रमुख - उपाध्यक्ष
ग. उपमहानगरपालिकाको महिला सदस्य मध्येबाट कार्यपालिकाले मनोनित गरेको- सदस्य
घ. प्रमूख प्रशासकीय अधिकृत - सदस्य
ङ. आवस्यकता अनुसार विषयगत क्षेत्रको विभागिय महाशाखा प्रमुख - सदस्य
च. निजीक्षेत्रबाट सानिसा समितिले मनोनित गरेको एकजना - सदस्य
छ. कार्यपालिकाको प्रमुखज्युले तोकेको कम्तिमा अधिकृत तहको कर्मचारी - सदस्य सचिव

२. समितिले सम्बन्धित वडा प्रतिनिधि, सम्बन्धित विषयमा अनुभव भएको तथा विशेष ज्ञान हासिल गरेको कुनै व्यक्ति तथा सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३) दफा (९) को उपदफा (१) मा उल्लेखित आयोजनाहरु वाहेक अन्य आयोजनाको हकमा यस्तो आयोजनाको खरिद प्रकृया प्रारम्भ गर्न तथा आयोजना सम्झौताको स्विकृत लिने अख्तियारी सानिसा समितिमा रहनेछ।

४. सानिसा समितिको कार्यविधि र निर्णय सम्वन्धि व्यवस्था तोकिए वमोजिम हुनेछ

**(११) सानिसा इकाईः** १. दफा (१०) को उपदफा २ को अधिनमा रहि आयोजना तयारी, विकास मुल्यांकन, प्रस्ताव छनौट, वार्ता, सम्झौता, हस्तान्तरण, कार्यान्वयन अनुगमनका लागि सानिसा समितिले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीको अध्यक्षतामा आवस्यकता अनुसार सम्वद्ध महाशाखा, विभागका विभागीय प्रमुख तथा अधिकृतहरु रहने गरी सानिसा इकाईको गठन गरिनेछ ।

२. सानिसा इकाईको मुख्य काम तथा कर्तव्य देहाय वमोजिम हुनेछ ।

क. कुनै आयोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वियन गर्नुपर्ने आधार र कारणको मुल्यांकन गर्ने ।
ख. आयोजनाको प्राविधिक मूल्यांकन गर्ने ।
ग. आयोजनाको सम्भाव्यता अध्ययन गर्ने गराउने ।
घ. आयोजनाको उपयुक्तताको लेखाजोखाका लागि आयोजना लेखाजोखा समितिमा पेश गर्ने ।
ङ. आयोजना कार्यान्वयनका लागि आवश्यक लिखित कागजातहरु तयार गर्ने ।
च. प्रस्ताव आव्हान गर्ने, मूल्यांकन गर्ने तथा प्रस्तावदाताको छनौट गर्ने ।
छ. छनौट भएको प्रस्तावकसँग वार्ता गर्ने, आयोजना सम्झौता गर्ने ।
ज. आयोजना सम्झौताको व्यवस्थापन तथा कार्यान्वयन गर्ने ।
झ. आयोजना कार्यान्वयन सम्वन्धमा सम्वन्धित निकायसग समन्वय गर्ने ।
ञ. तोकिए वमोजिम अन्य कार्यहरु गर्ने ।

**१२) लेखाजोखा समितिः** (१) यस ऐन वमोजिम आयोजना कार्यान्वयन गर्ने निकायले आयोजनाको उपयूक्तताको लेखाजोखा गर्न सम्वन्धित विषयको विशेषज्ञ रहने गरी वढिमा तिन सदस्य रहेको एक लेखाजोखा समिति गठन गर्नेछ।

२) सम्भाव्यता अध्ययन सम्पन्न भएका आयोजनाको खरिद प्रकृया प्रारम्भ गर्नु अघि लेखाजोखा समितिले आयोजनाको खरिद सम्वन्धि कागजात, मस्यौदा आयोजना सम्झौता र सोको सम्भाव्यता अध्ययनको उपयुक्तताको लेखाजोखा गर्नेछ।

३) उपदफा (२) वमोजिम लेखाजोखा समितिले आयोजनाको उपयुक्तताको लेखाजोखा गर्दा दफा (७) मा उल्लेखित आधारहरुलाई समेत विश्लेषण गर्नुपर्नेछ ।

४) उपदफा २ वमोजिम आयोजनाको उपयुक्तताको लेखाजोखा गरेपछि लेखाजोखा समितिले सो सम्वन्धमा आफ्नो धारणा र सुझाव समेत समेटि आफ्नो प्रतिवेदन सानिसा समितिमा पठाउनेछ ।

५) लेखाजोखा समितिले आफुले उपयुक्तताको लेखाजोखा गरेको सवै आयोजनाहरुको कार्यान्वयन गर्दा स्थानीय सरकारमा पर्न सक्ने आकस्मिक दायित्वको अभिलेख राख्नुपर्नेछ ।

६) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि केन्द्रिय स्तरमा निर्माण भएको सार्वजनिक-निजी साझेदारी सम्वन्धि कानुनले आयोजना लागत वा आयोजनाको प्रकृतिको आधारमा कुनै खास संयन्त्रवाट आयोजनाको उपयुकत्तताको लेखाजोखा गर्ने सम्वन्धमा व्यवस्था गरेको भए त्यस्तो आयोजनाकोलेखाजोखा सो कानुन वमोजिम गराईनेछ ।

७) लेखाजोखा समितिको बैठक र सो सम्वन्धि कार्यविधि सो समिति आफैले निर्धारण गरी सानीसा ईकाईबाट पास गराई पास भए वमोजिम हुनेछ ।

## परिच्छेद- ४

## आयोजनाको पहिचान र स्वीकृति सम्वन्धि व्यवस्थाः

**१३) आयोजना पहिचान गर्ने** : १. सानिसा समितिले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजना पहिचान गरी विवरण अद्यावधिक वनाई राख्नेछ ।

२. उपदफा (१) वमोजिम विवरण राख्दा सानिसा समितिले सम्भाव्यता अध्ययन भए वा नभएका आयोजनाको छुट्टाछुट्टै विवरण राख्नुपर्नेछ ।

**१४) प्राथमिकता निर्धारण गर्ने** : १. सानिसा समितिलेसार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गरिने आयोजनाको प्राथमिकता निर्धारण गर्नेछ ।

२. उपदफा (१) वमोजिम आयोजना कार्यान्वयनको प्राथमिकता निर्धारण गर्दा देहायका क्षेत्रलाई प्राथमिकतामा राखिनेछ।

क. सडक, पूल जस्ता संरचनाको भौतिक पूर्वाधार निर्माण,
ख. वैकल्पिक उर्जा विकास आयोजना,
ग. सहरी पिउने पानी, ढल निकास, फोहोर मैला व्यवस्थापन र सरसफाई
घ. अस्पताल, मेडिकल कलेज , प्राबिधिक शिक्षालय व्यवस्थापन तथा संचालन,
ङ. मनोरञ्जन पार्क निर्माण, व्यवस्थापन एवं संचालन,
च. रोजगारी सृजनाका आयोजनाहरु,
छ. व्यवसायिक गोदाम, भवन, मल आदी,
ज. शिक्षा, कृषि आयोजना, कृषि नहर, जलासय, बाध, बन आदी,
झ. ट्रलीवस, नगर बस, म्याट्रो सेवा, संरचना, ट्रामवे, प्रर्दशनिक स्थल, पार्क आदी
ञ. सानिसावाट संचालन गर्न उपयूक्त ठहर गरिएकोअन्य योजना ।

**१५) आयोजना स्विकृत गराउनु पर्ने** : १. सानिसा समितिले दफा ९ को उपदफा (१) मा उल्लेखित आयोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न उपयूक्त देखेमा तोकिए वमोजिमका विवरण खुलाई कार्यपालिकावाट स्वीकृत गराउनुपर्नेछ ।

२. उपदफा (१) वमोजिम आयोजना स्वीकृत गराउदा उक्त आयोजना कुन तरिकावाट कार्यान्वयन गर्न सकिने होसो समेत उल्लेख गर्नुपर्नेछ ।

३. कुनै आयोजना एकभन्दा वढि तरिकावाट कार्यान्वयन गर्न सकिने भए एक भन्दा वढी तरिका उल्लेख गरी स्वीकृत गराउन सकिनेछ ।

४. दफा ९ को उपदफा (१) मा उल्लेखित आयोजनाहरु बाहेक अन्य आयोजना सानिसा समिति आफैले स्वीकृत गरी अघि वढाउन सक्नेछ ।

५. यस दफा वमोजिम स्वीकृत भएका आयोजनाहरु उपमहानगरपालिकाको वजेट तथा वार्षिक कार्यक्रममा समावेश गरिनेछ ।

## परिच्छेद-५

## आयोजनाको खरिद प्रकृया सम्वन्धि व्यवस्थाः —

**१६) खरिद प्रकृयाका चरणहरुः** १. यस ऐन वमोजिम पहिचान र स्वीकृति भएका आयोजनाहरुको खरिद प्रकृया सामान्यतया देहाय वमोजिम हुनेछ ।

क. योग्यताका लागि मनसायपत्र आव्हान गर्ने ,

ख. योग्यतामा छनौट भएका प्रस्तावकहरुको संक्षिप्त सूची तयार गन

ग. प्रस्ताव माग गर्ने ,

घ. प्रस्तावको मूल्यांकन गरी योग्य प्रस्तावकको छनौट गर्ने,

ङ. प्रस्ताव स्वीकृत गर्ने,

च. छनौट भएका प्रस्तावकसँग आयोजना सम्झौता गर्ने,

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पचासलाख रुपैया भन्दा कम अनूमानित आयोजना लागत भएका आयोजनाहरुको हकमा योग्यता सम्वन्धि दरखास्त र प्रस्ताब सम्वन्धि विवरणहरु छुट्टाछुट्टै खाममा एकै चरणमा माग गर्न सकिनेछ ।

**१७) मनसाय-पत्र आव्हान गर्न सक्ने** : १. सानिसा इकाईले दफा १६ वमाजिम स्वीकृत आयोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसाय-पत्र आव्हान गर्न सक्नेछ ।

२. उपदफा (१) वमोजिम मनसाय-पत्र पेश गर्न चाहने व्यक्तिले तोकिए वमोजिमका विवरणहरु खुलाई सोही उपदफा वमोजिम प्रकाशित सुचनामा उल्लेखित समायावधिभित्र सानिसा इकाई समक्ष मनसाय-पत्र पेश गर्नुपर्नेछ ।

**१८) संक्षिप्त सूची तयार गर्ने** : सानिसा इकाइले मनसाय-पत्र प्राप्त भएको मितिले तिस (३०) दिन भित्र तोकिएको आधारमा मनसाय-पत्र पेश गर्ने व्यक्तिहरु छनौट गरी सो को संक्षिप्त सूची तयार गर्नेछ ।

**१९) प्रस्ताव आव्हान गर्न सक्नेः** १. सानिसा इकाईले दफा (१८) वमोजिम संक्षिप्त सूचि तयार गरेपछि सो सुचीमा परेका मनसाय-पत्र पेश गर्ने व्यक्तिवाट आयोजना कार्यान्वियन गर्ने सम्वन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सुचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न सक्नेछ ।

२. उपदफा (१) वमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले तोकिए वमोजिमका विवरणहरु खुलाई सोही उपदफा वमोजिम प्रकाशित सुचनामा उल्लेखित समयावधिभित्र सानिसा इकाई समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ।

**२०) सोझै प्रस्ताव आव्हान गर्न सक्ने** : दफा १७ मा जुनसुकै कुरा लेखिएको भएतापनि पहिले नै सम्भाव्यता अध्ययन भईसकेको वा तोकिए वमोजिम भन्दा कम लागतको आयोजना भए सानिसा इकाईले आयोजना कार्यान्वियन गर्ने सम्वन्धमा तोकिएको कुराहरु खुलाई सार्वजनिक रुपमा सुचना प्रकाशन गरी सोझैप्रस्ताव आव्हान गर्न सक्नेछ ।

**२१) प्रस्तावको मुल्यांकन गर्नेः** प्राप्त प्रस्तावहरुको मूल्यांकन गर्न सानिसा इकाईले एउटा छुट्टै प्रस्ताव मुल्यांकन समिति गठन गर्नेछ । १. प्रस्ताव मुल्यांकन समितिले देहायका आधारमा प्रस्ताव प्राप्त भएको मितिले पन्द्र दिनभित्र सम्पुर्ण प्रस्तावहरुको मुल्यांकन गर्नुपर्नेछ ।

क. प्रस्तावको आर्थिक हैसियत,
ख. प्रस्तावको प्राविधिक क्षमता,
ग. आयोजनाको प्रकृति अनुसार नेपाल सरकार तथा स्थानीय सरकारलाई बुझाउने प्रस्तावित रोयल्टी रकम वा आयोजना कार्यान्वियन गर्दा उपभोक्तासंग लिने प्रस्तावित शुल्क,
घ. प्रस्तावित सेवाका स्तर,
ङ. नविनतम वा उन्नत प्रविधिको प्रयोग,
च. तोकिए वमोजिमको अन्य विवरण, ३. मुल्यांकन समितिले उपदफा (२) वमोजिम मुल्यांकन सम्पन्न गरी सो को प्रतिवेदन सानिसा इकाई समक्ष पेश गर्नेछ ।

**२२) प्रस्ताव छनौट गर्नेः** १. सानिसा इकाईले दफा (२१) वमोजिमको मुल्यांकन प्रतिवेदनका आधारमा प्रस्ताव प्राप्त भएको मितिले साठी (६०) दिन भित्र प्रस्ताव छनौट गर्नेछ । तर, मनासिव कारण भए सो अवधि समितिले थप गर्न सक्नेछ ।

२. उपदफा (१) वमोजिम प्रस्ताव छनौट गरेपछि सानिसा इकाईले सो को जानकारी छिटो साधनद्धारा छनौट भएको प्रस्तावकलाई दिनु पर्नेछ ।

**२३) वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न सक्ने** : १. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायका अवस्थामा कुनै आयोजना बार्ताद्वारा कार्यान्वियन गराउन सकिनेछ ।

क. यस ऐन वमोजिम कम्तीमा दुईपटक मनसाय-पत्र वा प्रस्ताव आव्हान गर्दा पनि आवस्यक संख्यामा मनसाय-पत्र वा प्रस्ताव छनौट हुन नसकेको, वा
ख. आयोजनाको प्रकृति वा लागतको कारण प्रतिष्पर्धा हुन सक्ने सम्भावना नभएको, वा
ग. नयां अवधारणा वा प्रविधि समावेश भएको, वा
घ. स्थानीय सामुदायिक संघरसंस्थावाट कार्यान्वियन गरिने तोकिएको रकमसम्म अनुमानित आयोजना लागत भएको।

२. उपदफा (१) वमोजिमको कुनै आयोजना वार्ताद्धारा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिएको कुराहरु खुलाई सानिसा समिति समक्ष निवेदन दिनुपर्नेछ ।

३. उपदफा (२) वमोजिम प्राप्त भएको निवेदन जाचवुझ गर्दा वार्ताद्धारा सो आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सानिसा समितिले निवेदकसँग वार्ता गरि कार्यान्वयन गराउनेछ तर दफा (९) को उपदफा १) मा उल्लेखित आयोजनाहरु वा दफा (२३) को उपदफा १ को खण्ड (ख) र (ग) का आयोजनाहरु भए सानिसा समितिले यस्ता आयोजनाहरु कार्यान्वयन गर्न कार्यपालिका वाट स्विकृत प्राप्त गर्नुपर्नेछ ।

४. यस दफा वमोजिम वार्ताद्धारा आयोजना कार्यान्वयन गर्दा सानिसा समितिले निवेदकसग दफा (२१) वमोजिम तथा तोकिएका विवरण माग गर्न सक्नेछ ।

**२४) समझदारी-पत्र गर्न सक्नेः** दफा २२ वमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा २३ को उपदफा ५ वमोजिम मांग गरिएको विवरणको आधारमा आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सानिसा समितिले प्रस्तावकसंग आयोजनाको कार्यान्वयन गर्ने सम्वन्धमा समझदारी-पत्र सम्पन्न गर्न सक्नेछ। तर परियोजनाको प्रकृति हेरी सानिसा इकाईले प्रस्तावकसंग प्रारम्भिक आयोजना सम्झौता गर्न सक्नेछ ।

**२५) आयोजना विवरण पेश गर्नुपर्नेः** १. दफा (२४) वमोजिम समझदारी-पत्र वा प्रारम्भिक आयोजना सम्झौता गरेकोमा सो समझदारी-पत्र वा प्रारम्भिक आयोजनामा सम्झौता उल्लेखित समयावधि र समझदारी-पत्र वा प्रारम्भिक आयोजना सम्झौता ज्ञज्ञ नगरेमा आयोजनाको प्रकृती हेरी २७० दिनमा नवढ्ने गरी सानिसा इकाईले तोकिएको समयावधि भित्र आयोजना कार्यान्वयन सम्वन्धि तोकिए वमोजिमका विवरणहरु सानिसा इकाई समक्ष पेश गर्नुपर्नेछ ।

२. उपदफा (१) वमोजिम अवधि भित्र प्रस्तावकले यस्तो विवरण पेश गर्न नसक्ने कुनै मनासिव कारण देखाई समयअवधि भित्र थपको लागि सानिसा इकाई समक्ष निवेदन दिएमा सानिसा इकाईले वढिमा ९० दिनको समय अवधि थप गरिदिन सक्नेछ ।

**२६) रद्ध गर्न सक्ने** : १. यस दफा २५ वमोजिमको समयावधि भित्र प्रस्तावकले विवरण पेश नगरेमा वा त्यसरी पेश गरिएको विवरण अध्ययन गर्दा आयोजनामा कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा सानिसा इकाईले सो कारण खूलाई प्रस्तावकसग समझदारी-पत्र वा प्रारम्भिक आयोजना सम्झौता गरेको भए यस्तो समझदार- पत्र वा प्रारम्भिक आयोजना सम्झौता र समझदारी-पत्र वा प्रारम्भिक आयोजना सम्झौता नगरेको भए निजको प्रस्ताव रद्ध गर्न सक्नेछ ।

२. उपदफा (१) वमोजिम समझदारी-पत्र, प्रारम्भिक आयोजना पत्र वा प्रस्ताव रद्ध भएमा प्रस्तावकले सानिसा इकाईसग कुनै किसिमको हानी नोक्सानी वापतको क्षतीपुर्ती दावी गर्न पाउने छैन ।

**२७) वार्ताद्धारा आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्नेः** १. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्तिले विस्तृत सम्भाव्यता अध्ययन नभएको आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि सानिसा समिति समक्ष निवेदन दिन सक्नेछ ।

२. उपदफा (१) वमोजिम परेको निवेदन उपर आवस्यक जाँचवुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिव देखिएमा सानिसा समितिले निवेदकसंग वार्ता गरी त्यस्तो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिनसक्नेछ ।

३. उपदफा (२) वमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति स्वयंले व्यहोर्नुपर्नेछ ।

४. यस दफा वमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएकोकुनै आयोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउदा उपदफा (२) वमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउदा लागेको खर्च त्यस्तो आयोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताब स्विकृत हुने व्यक्तिले वेहोर्नु पर्नेछ।

५. उपदफा ४ बमोजिम व्यहोरिने रकमको निर्धारण स्वतन्त्र मुल्यांकनकर्ताबाट गराईनेछ ।

**२८) सोझै प्राप्त भएको प्रस्ताव मार्फत आयोजना कार्यान्वयन गर्न सकिनेः** १. सानिसा समितिले निजी निकायवाट सोझै प्राप्त भएका प्रस्तावकलाई ऐन तथा नियमावली वमोजिम कार्यान्वयन गर्न सक्नेछ ।

२. उपदफा (१) वमोजिमको प्रस्ताव देहायको अवस्थामा स्विकार गर्न सकिनेछ ।
क. प्रतिष्पर्धात्मक प्रकृया वाट प्रस्तावदाता छनौट हुन नसकेको आयोजना,
ख. आयोजनालाई कुनै व्यक्तिका स्वामित्वमा रहेको बौधिक सम्पति वा प्रविधि आवस्यक भएमा सो आयोजनाको लागि प्रस्ताव गर्ने प्रस्तावदाताहरुसग मात्र यस्तो वौधिक सम्पति वा प्रविधि रहेको भएमा वा ग. स्थानीय समुदायका स्थानीय आवश्यकताहरुलाई पुर्ति गर्नका लागि स्थानीय सामुदायिक संस्थावाट प्राप्त भएको प्रस्तावहरु वा,
घ. कार्यपालिकाले आयोजना रणनीतिक महत्वको छ भनी स्विकार गरेमा,
३. सानिसा समितिले उपदफा १) वमोजिम सोझै प्राप्त भएको प्रस्तावलाई पुनरावलोकन गर्दा आकर्षक र लाभदायी भएमा यस्तो प्रस्ताव पेश गर्ने प्रस्तावकलाई सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्न लागाउन सक्नेछ तर उपदफा (२) को खण्ड (क) वमोजिमको अवस्था भएमा पुनःसम्भाव्यता अध्ययन गराउन आवस्यक हुने छैन ।

४. उपदफा (३) वमोजिम सम्भाव्यता अध्ययन प्रतिवेदन अध्ययन गर्दा सो आयोजनावाट सार्वजनिक हित हुने देखिएमा सानिसा समितिले कार्यपालिकाको सैद्धान्तिक सहमतिका लागि पेश गर्नेछ ।

५. उपदफा (३) वमोजिम कार्यपालिकाले आयोजना अघि वढाउन सैद्धान्तिक सहमती दिएमा लेखाजोखा समितिले उक्त आयोजनाकोउपयुक्तताको लेखाजोखा गर्नुपर्नेछ ।

६. उपदफा (५) वमोजिम उपयुक्तताको लेखाजोखा सम्पन्न गरेपश्चात सानिसा समितिले उक्त आयोजना कार्यान्वयनको लागि यस ऐन वमोजिम प्रस्ताव आवहन गर्नेछ ।

७. दफा (६) वमोजिमको प्रस्तावमा सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक पनि सहभागी हुन सक्नेछ ।

८. उपदफा (६) वमोजिम प्राप्त भएका प्रस्तावकहरुको मुल्यांकन भएपछि छनौट भएको योग्य प्रस्तावकले कबुल गरेको सर्तहरुसँग सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक मन्जुर भएमा सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकलाई छनौट गरी आयोजना कार्यान्वयन गरिनेछ ।

९. सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले भाग नलिएमा वा निजले छनौट योग्य प्रस्तावकको प्रस्ताव अनुसार काम मन्जुर नगरेमा प्रस्तावकलाई उक्त आयोजना कार्यान्वयन गर्न दिइनेछैन ।

१०. सोझैप्रस्ताव पेश गर्ने प्रस्तावकले प्रस्तावमा सहभागी भएको तथा छनौट योग्य प्रस्तावक हुन नसकेकोर छनौट योग्य प्रस्तावकले गरेको प्रस्ताव पनि स्विकार नगरेको अवस्था भए यस्तो अवस्थामा छनौट योग्य प्रस्तावदाताले प्रस्ताव आवहानको लिखितमा उल्लेख गरिएको सम्भाव्यता अध्ययनमा भएको खर्च वापत रकम त्यसरी सोझैप्रस्ताव पेश गर्ने प्रस्तावकलाइ भुक्तानी गर्नु पर्नेछ।

११. सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले आयोजना कार्यान्वयन गर्न पाएमा निजले छनौट योग्य प्रस्तावकलाई प्रस्ताव आव्हानको लिखतमा उल्लेख गरिएको सम्भाव्यता अध्ययनमा भएको खर्च वापतको रकम भुक्तानी गर्नुपर्नेछ ।

१२. सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक एकजनाले मात्र प्रस्तावमा सहभागी भएमा प्रस्ताव आव्हानको लिखतमा उल्लेखित सर्तहरुको आधारमा प्रस्तावकको प्रस्ताव स्वीकृत गर्न सकिनेछ ।

१३. उपदफा (३) मा उल्लेखित अवस्थामा पनि सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकको प्रस्ताव स्वीकृत नभएमा कार्यपालिकाको सम्भाव्यता अध्ययन गर्दा लागेको पुर्व निर्धारित खर्च भुक्तानी गर्नेछ ।

१४. माथीका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (२) को खण्ड (क) वमोजिमको आयोजनाको अनुमानित लागत दश लाख रुपैया भन्दा वढी नभएमा सानिसा समितिले सोझै वार्ताको माध्यम द्वारा सम्वन्धित स्थानीय सामुदायिक संस्थालाई त्यस्तो आयोजना कार्यान्वयन गर्न अनुमति दिन सक्नेछ ।

**२९) सम्झौता गर्नेः** १. दफा (२५) वमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसंग सम्झौता गर्न उपयुक्त देखिएमा सानिसा समितिले प्रस्तावकसंग आवस्यकता अनुसार वार्ता गरी सम्झौता गर्नेछ ।

२. उपदफा (१) वमोजिमको सम्झौतामा सानिसा समितिको तर्फवाट प्रमुख प्रशासकीय अधिकृतले हस्ताक्षर गर्नेछ ।

३. प्रस्तावकले दफा (२५) को उपदफा (१) वमोजिमको विवरण सम्झौतामा लेखिएको अवधिभित्र पेश गर्नुपर्नेछ । सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसंग भएको सम्झौता स्वतः रद्ध भएको मानिनेछ।

**३०) सम्झौतामा खुलाउनु पर्ने कुराहरुः** सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछ :

क. आयोजनाको विवरण,
ख. आयोजना कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न मिति,
ग. आयोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमति-पत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहूलियत सम्वन्धि कुरा,
घ. अनुमती-पत्रको अवधि,
ङ. आयोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,
च. आयोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,
छ. आयोजना सञ्चालन सम्वन्धि विवरण,
ज. जोखिमको वाडफाड र आयोजना अवधिमा जोखिम व्यवस्थापन गरिने विधि, कार्यसम्पादनमा आधारित भुक्तानी सम्वन्धी व्यवस्था, कार्य सम्पादनका मुल्यांकनका वस्तुगत आधार र मापदण्ड,
झ. आयोजनाको अनुगमन प्रकृया सम्वन्धि विवरण,
ञ. आयोजना लिजमा दिएको भए सो को विवरण र लिजका शर्तहरु,
ट. आयोजना सञ्चालन वा हस्तान्तरण शर्त,

ठ. आयोजना सञ्चालन गर्दा उपभोक्तासंग लिन पाउने शुल्क सम्वन्धि व्यवस्था,

ड. आयोजनाको विमा सम्वन्धि व्यवस्था,

ढ. आयोजनामा जडित मेशिन तथा आयोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

प. सम्भाव्यता न्यून परिपुर्ति सम्वन्धि व्यवस्था,

फ. आयोजनामा स्थानीय सरकारको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो वापत स्थानीय सरकारको प्राप्त गर्ने शेयर वा अन्य उपकरण,

ब. अन्य आवश्यक कुराहरु,

**३१) कार्यसम्पादन जमानत सम्वन्धी व्यवस्थाः** प्रस्तावकले कार्यसम्पादन जमानत वापत आयोजनाको कुल लागतको शून्य दशमलव पाच प्रतिशत (०.५) भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम वा सो बराबरको बैंक ग्यारेण्टी तोकिएकोअवधिका लागि सानिसा इकाई समक्ष दाखिला गर्नु पर्नेछ ।

**३२) रीत पुगेको मानिनेः** १. प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम सानिसा समितिबाट आयोजना स्वीकृत भई दफा (३३) बमोजिम अनुमति-पत्र प्राप्त गरेकोमा त्यस्तो अनुमति-पत्र प्रचलित कानूनको रीत पुऱ्याई जारी भएको मानिनेछ,

२. उपदफा (१) बमोजिम जारी भएको अनुमति-पत्रका शर्तहरु उपर अनुमति-पत्र वहाल रहेको अवधिभर प्रतिकूल हुने गरी सभा वा कार्यपालिकाबाट कुनै कानूनी, प्रशासनिक वा नीतिगत व्यवस्था गरिने छैन र सम्झौता प्रतिकूल हुने गरी गरीएको कुनै कानून, प्रशासनिक वा नीतिगत व्यवस्था मान्य हुनेछैन ।

## परिच्छेद -६

## अनुमति-पत्र सम्बन्धी व्यपस्थाः

**३३) अनुमति-पत्र प्रदान गरिनेः** दफा (३०) बमोजिम सम्झौता गरेपछि सानिसा इकाईले प्रस्तावकलाई आयोजनाको कार्यान्वयन गर्न तोकिए बमोजिमको ढाचाँमा अनुमति-पत्र दिनेछ ।

**३४) अन्य व्यक्तिलाई अनुमति-पत्र नदिइनेः** आयोजनाको कार्यान्वयन गर्नको लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अनुमति-पत्र दिइसकिए पछि सम्झौतामा लेखिए बमोजिम सोही क्षेत्रमा सो आयोजनालाई प्रतिकूल असर पर्ने गरि त्यस्तै किसिमको आयोजनाको कार्यान्वयन गर्न अन्य व्यक्तिलाई अनुमति-पत्र दिनेछैन ।

**३५) अनुमति-पत्रकको अवधिः** १. अनुमति-पत्रको अवधि वढीमा चालिस बर्षमा नबढाई सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिए पनि विशेष परिस्थिति परी अनुमति-पत्रको अवधि बढाउन आवश्यक भएको कारण खुलाई अवधि थपको लागि अनुमति-पत्र प्राप्त व्यक्तिले निवेदन दिएमा र सो निवेदनको व्यहोरा मनासिव देखिएमा कार्यपालिकाले बढीमा दस बर्षसम्म अनुमति-पत्रको अवधि थप्न सक्नेछ ।

३. अनुमति-पत्रको अवधि तोकिएको आधारमा निर्धारण गरिनेछ ।

**३६) अनुमति-पत्र रद्ध गर्न सक्नेः** १. अनुमति-पत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिम आयोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस अन्तगत बनेको नियम वा सम्झौता विपरित कुनै काम गरेमा सानिसा समितिले अनुमति-पत्र प्राप्त व्यक्तिलाई सूचना दिई निजलाई दिइएको अनुमति-पत्र रद्ध गर्न सकिनेछ ।

२. उपदफा (१) बमोजिम अनुमति-पत्र रद्ध भएमा अनुमति-पत्र प्राप्त व्यक्तिसँग गरिएको सम्झौता स्वतः रद्ध भएको मानिनेछ।

३. यस दफा बमोजिम अनुमति-पत्र रद्ध भएमा अनुमति-पत्र प्राप्त व्यक्तिले सानिसा समितिसँग कुनै किसिमको दाबी गर्न पाउने छैन ।

**३७) रोयल्टी बुझाउनु पर्नेः** रोयल्टी बुझाउने सम्झौता भएकोमा अनुमति-पत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लेखित तरिकाबाट जीतपुरसिमरा महानगरपालिककालाई बुझाउनु पर्नेछ।

**३८) आयोजना हस्तान्तरण गर्नु पर्नेः** १. अनुमति-पत्र प्राप्त व्यक्तीले सम्झौतामा लेखिए बमोजिम जीतपुरसिमरा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई आयोजना हस्तान्तरण गर्नु पर्नेछ ।

२. उपदफा १) बमोजिम आयोजना हस्तान्तरण गर्ने मितिले कम्तीमा एक बर्ष अगाडि देखि सानिसा इकाईको सुपरीक्षणमा सम्झौतामा उल्लेखित भए बमोजिम आवश्यक मर्मत सम्भार गरी हस्तान्तरण गर्नुपर्नेछ ।

३. उपदफा २) को प्रयोजनका लागि सानिसा इकाईले प्रतिनिधिहरु खटाई पठाउनुपर्नेछ ।

४. उपदफा १) बमोजिम आयोजना हस्तान्तरण हुँदा त्यस्तो आयोजनामा जडित मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिएको बमोजिमको क्षमता, अवस्था र चालू हालतमा हुनुपर्नेछ ।

**३९) उपमहानगरपालिकाको स्वामित्व हुनेः** दफा (३८) बमोजिम हस्तान्तरण भएको आयोजना र सो सँग सम्बन्धित घर जग्गा तथा उपकरणको स्वामित्व जीतपुरसिमरा उपमहानगरपालिकाको हुनेछ ।

## परिच्छेद- ७

## लगानी सम्बन्धी व्यवस्था

**४०) अनुमति-पत्र प्राप्त व्यक्तिले लगानी गर्नुपर्नेः** १. सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक आयोजना कार्यान्वयन गर्न अनुमति-पत्र प्राप्त व्यक्तिले लगानी गर्नुपर्नेछ ।

२. अनुमति-पत्र प्राप्त व्यक्तिले आयोजना अन्र्तगतको घर, जग्गा वा मुख्य मेशिन उपकरण धितो राखी ऋण लिदा सानिसा समितिको स्वीकृती लिनु पर्नेछ । तर उपमहानगरपालिकाले उपलब्ध गराएको घर जग्गा वा अन्य सम्पत्ति धितोमा राख्न पाइने छैन

**४१) जीतपुरसिमरा उपमहानगरपालिकाले संयुक्त लगानी गर्न सक्नेः** १. उपदफा (२) मा उल्लेखित आधार र कारणबाट औचित्य पुष्टि हुने भएमा विशेष अबस्थामा जीतपुरसिमरा उपमहानगरपालिकाले पच्चीस प्रतिशतमा नबढने गरी आयोजनामा शेयर पूँजी लगानी गर्न सक्नेछ ।

२. देहायका आधारहरु विधमान भएमा मात्र जीतपुरसिमरा उपमहानगरपालिकाले आयोजनामा शेयर पूँजी लगानी गर्नेछ,

क आयोजनाको आर्थिक सम्भाव्यता वृद्धि हुने भएमा,

ख आयोजनाको निमार्ण तथा सञ्चालनमा सानिसा समितिको उपस्थिति बलियो हुने भएमा,

ग लगानीकर्तालाई सहज वातावरण सिर्जना हुने भएमा,

घ आयोजनाको उचित अनुगमनका लागि शेयर लगानी आवश्यक हुने भएमा ।

३. उपदफा (१) बमोजिमको लगानी आयोजना कार्यान्वयन गर्ने निजी निकायले उपमहानगरपालिकाको हिस्सा लिन चाहेमा आयोजनाकोप्रचलित मुल्यमा हिसाब गरी सम्झौता-पत्रमा उल्लेख गरिए अनुरुप दिन सकिनेछ ।

**४२) अन्य व्यक्तिसँग सम्झौता गर्न सक्नेः** १. आयोजना सम्झौताका शर्तका अधीनमा रही अनुमति-पत्र प्राप्त व्यक्तिले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा लगानी प्राप्त गर्न वा आयोजना बमोजिमकको कुनै काम कुनै ब्यक्तिबाट गराउने गरी अन्य व्यक्तिसंग सम्झौता गर्न सक्नेछ । तर त्यसरी सम्झौता भएको कारणले आयोजना कार्यान्वयन गर्ने दायित्वबाट निजले छुटकारा पाउने छैन।

२. उपदफा (१) बमोजिम अनुमति-पत्र प्राप्त ब्यक्तिले कुनै सम्झौता गरेमा त्यस्तो सम्झौता भएको पन्ध्र दिन भित्र सो सम्झौताको प्रतिलिपि सानिसा इकाई समक्ष पेश गर्नु पर्नेछ ।

**४३) भुक्तानी सम्झौता गर्न सक्नेः** अनुमति-पत्र प्राप्त व्यक्तिले आयोजना निर्माण गरी स्थानीय सरकारलाई हस्तान्तरण गर्ने गरी वा दफा (४६) बमोजिमको शुल्क नउठाई अन्य रुपमा आयोजनामा गरेको लगानी फिर्ता पाउने गरी दफा (३०) बमोजिम सम्झौता भएकोमा कार्यपालिकाले एकमुष्ट रुपमा वा किस्ताबन्दीमा त्यस्तो रकम भुक्तानी पाउने गरी सम्झौता गर्न सक्नेछ ।

**४४) सम्भाव्यता न्युन परिपूर्ति कोषः** १. जीतपुरसिमरा  उपमहानगरपालिकाले सम्भाव्य आयको तुलनामा लागत बढी हुने आयोजनालाई अनुदान उपलब्ध गराउन सम्भाव्यता न्युन परिपूर्ति कोष खडा गर्न सक्नेछ।

२. केन्द्रीय स्तरमा जारी भएको कानून बमोजिमको स्थानीय स्तरमा कार्यान्वयन हुने आयोजनाले सम्भाब्यता न्यून परिपूर्ति कोषको सुबिधा पाउने अवस्थामा सोही बमोजिम आयोजनालाई अनुदान उपलब्ध गराउन सहयोग गरिनेछ ।

३. सम्भाव्यता न्युन परिपूर्ति कोषको स्थापना तथा सोको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ८

## अनुमति-पत्र प्राप्त व्यक्तिको अधिकार तथा सुविधाः

**४५) स्थानीयकरण नगरिनेः** अनुमति-पत्रको अवधिभर कुनै पनि आयोजना र सो सँग सम्बन्धित जग्गा, उपकरण तथा संरचना स्थानीयकरण गरिने छैन ।

**४६) शुल्क उठाउन पाउनेः** १. अनुमति-पत्र प्राप्त ब्याक्तिले आफुले निर्माण वा सञ्चालन गरेको आयोजनाबाट सेवा सुविधा उपलब्ध गराए बापत उपभोगक्ता सँग शुल्क उठाउन सक्नेछ ।

२. आयोजना सम्झौतामा उपदफा १) बमोजिमको शुल्क सम्झौतामा उल्लेख भए बमोजिम उपमहानगरपालिकाको सहमति बमोजिम समय समयमा पुनरावलोकन गर्न सकिने ब्यवस्था राख्न सकिनेछ ।

**४७) घर जग्गा आदिमा प्रवेश गर्न सक्नेः** १. आयोजना कार्यान्वयनको सिलसिलामा अनुमति-पत्र प्राप्त ब्याक्तिले कुनै घर, जग्गा, उधोग, कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्शा गर्न, माटो लगायत अन्य प्रकृतिक स्रोत र साधनको परीक्षण तथा नाप नक्शा गर्न, माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न

त्यसको लागि आपश्यकता अनुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुटयाउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउने प्रयोजनको लागि सम्बन्धित धनीलाई अग्रीम सूचना दिई घर जग्गा आदिमा प्रवेश गर्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्न बाली वा हुर्केका रुख बिरुवा काटनु, उखेल्नु परेमा वा जग्गामा रहेमा कुनै छेकबार, पर्खाल, गोदाम, घर तथा टहरा, कुनै मेशिनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिब क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमति-पत्र प्राप्त व्यक्तिले सो गर्न सक्नेछ ।

३. उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनी, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितमा प्रवेश गर्नु पर्नेछ ।

**४८) घर जग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्न सक्नेः** १. आयोजना कार्यान्वयनको सिलसिलामा आयोजना स्थल र त्यसको निश्चित दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा सम्झौतामा लेखिएकोमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा त्यस्तो घर जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन अनुमति-पत्र प्राप्त ब्याक्तिले सानिसा इकाई समक्ष निवेदन दिएमा, त्यसरी दिएको निबेदनका ब्यहोरा मनासिब देखिएमा सानिसा समितिले प्रचलित कानून बमोजिम त्यस्तो घर जग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ । तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानि नोक्सानी बापतको क्षतिपूर्ति अनुमति-पत्र प्राप्त ब्यक्तिले ब्यहोर्नु पर्नेछ ।

२. उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति निर्धारण गर्नको लागि स्थानीय उपभोक्ताको प्रतिनिधित्व हुने गरी तोकिए बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहेछ र सो समितिले सम्बन्धित ब्यक्तिलाई वास्तविक रुपमा पर्न गएको हानि नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ ।

३. उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैतीस दिन भित्र सानिसा इकाई समक्ष उजुरी गर्न सक्नेछ ।

४. उपदफा (३) बमोजिम परेको उजुरी उपर नब्बे दिन भित्र निर्णय गरिसक्नु पर्नेछ र सो उजुरीका सम्बन्धमा सानिसा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**४९) घर जग्गा प्राप्त गरिदिनेः** १. अनुमति-पत्र प्राप्त ब्यक्तिले आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा आफैले खरिद गरी वा अन्य रुपमा व्यवस्था गर्नु पर्नेछ ।

२. अनुमति-पत्र प्राप्त ब्यक्तिले उपदफा (१) बमोजिम खरिद गर्न वा अन्य रुपमा व्यवस्था गर्न नसकेमा वा सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नु उल्लेख भएमा सानिसा इकाईले अनुमति-पत्र प्राप्त व्यक्तिको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानून बमोजिम प्राप्त गरिदिनेछ ।

३. उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गा धनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित अनुमति-पत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

४. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय सरकारको स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा आयोजना कार्यान्वयनको लागि आवश्यक भएमा सानिसा समितिले कार्यपालिका लगायत नेपाल सरकारको स्विकृति लिनुपर्ने भएमा स्विकृती लिई त्यस्तो जग्गा सम्झौतामा लेखिए बमोजिम वा लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ।

**५०) आयोजनाको सुरक्षा गर्न सक्नेः** १. आयोजनाको सुरक्षा अनुमति-पत्र प्राप्त व्यक्ति आफैले गर्नु पर्नेछ ।

२. अनुमति-पत्र प्राप्त व्यक्तिले विशेष कारण देखाई आयोजनाकको खास किसिमको सुरक्षाको लागि सानिसा इकाई समक्ष अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमति-पत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी त्यस्ता आयोजनाको सुरक्षाको व्यवस्था गर्न सानिसा इकाईले आयोजनाको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**५१) सहयोग उपलब्ध गराउनु पर्नेः** १. आयोजना कार्यान्वयन गर्ने सिलसिलामा सानिसा समितिले अनुमति-पत्र प्राप्त व्यक्तिलाई उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरिदिनु पर्ने काम सम्झौतामा उल्लिेखित तरिका र अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनु पर्नेछ ।

२. आयोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमति-पत्र प्राप्त व्यक्तिले कुनै सहयोग मांग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत ब्यहोर्नु पर्ने खर्च र दायित्व अनुमति-पत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी सानिसा समिति आफैले त्यस्तो सहयोग उपलब्ध गराउन लेखी पठाउन सक्नेछ ।

**५२) विदेशी विनिमयको सुविधाः** आयोजनाको कार्यान्वयनको लागि ऋण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमति-पत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम उपलब्ध गराउन सहजिकरण गराइनेछ ।

**५३) बिष्फोटक पदार्थको प्रयोगः** आयोजना कार्यान्वयनको लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा संघिय कानुनको अधिनमा रही अनुमति-पत्र प्राप्त व्यक्तिको अनुरोधमा निजलाई प्रचलित कानुन बमोजिम त्यस्तो बिष्फोटक पदार्थको प्रयोग गर्न अनुमतिपत्र दिन सहजिकरण गरिदिनेछ ।

**५४) कानुन बमोजिमको सुबिधा पाउनेः** यस ऐन बमोजिम अनुमति-पत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित कानुन बमोजिम उधोगले पाउने सम्पूर्ण संरक्षण सुविधा, सहुलियत तथा छुट प्राप्त गर्नेछ।

**५५) सेवा सुविधाको शर्त तोक्न सक्नेः** १. अनुमति-पत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन वा सम्झौताको अधिनमा रही आवश्यक शर्त तोक्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम तोकिएका शर्त विपरित उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

## परिच्छेद- ९

## विवाद समाधान सम्बन्धी व्यवस्था

**५६) छनौट प्रक्रिया वा निर्णय सम्बन्धी विवादको समाधानः** १. कार्यपालिका वा सानिसा समितिले यस ऐन बमोजिम सार्वजनिक-निजी साझेदारी प्रबन्ध अन्तरगत प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णय गर्दा कुनै त्रुटि गरेको वा पालना गर्नु पर्ने कर्तब्य नगरेककोले आफुलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई कुनै प्रस्तावदाताले त्यस्तो निर्णय वा पुनरावलोकनका लागि सानिसा समिति समक्ष निवेदन दिन सक्नेछ ।

२. उपदफा (१) बमोजिम दिने निवेदन सम्झौता हुनुभन्दा अघिको कारवाहीका सम्बन्धमा सीमित हुनेछ । ३. उपदफा (१) बमोजिम दिने निवेदन दिदा सानिसा समितिले प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णयमा त्रुटि गरेको वा पालना गर्नुपर्ने कर्तब्य नगरेको कुरा प्रस्तावदाताले थाहा पाएको सात दिनभित्र निवेदन दिनुपर्नेछ ।

४. उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनका सम्बन्धमा छानबीन गर्दा प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णयमा त्रुटि देखिए वा सानिसा समितिले पालना गर्नुपर्ने कर्तब्य पालना गरेको देखिए वा त्यस्तो निर्णय कानुन विपरीत देखिएमा सानिसा समितिको प्रमुखले त्यस्तो कारवाही निलम्बन गरी सो निवेदन प्राप्त भएको पाँच दिनभित्र कारण खुलाई लिखित निर्णय गर्नुपर्नेछ।

५. उपदफा (४) बमोजिमको निर्णयमा प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही कसरी अगाडी बढाउने भन्ने कुरा समेत उल्लेख हुनु पर्नेछ ।

६. उपदफा (४) बमोजिमको निर्णयमा चित्त नबुझने पक्षले त्यस्तो निर्णय भएको मितिले पैतीस दिन भित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**५७) सम्झौता अन्तरगतको विवादको समाधानः** १. आयोजना सम्झौतामा प्रचलित नेपाल कानुन लागु हुनेछ।

२. आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा सानिसा समिति र अनुमति-पत्र प्राप्त व्याक्ति बिच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद पक्षहरुबीच छलफल गरी आपसी सामझदारीबाट समाधान गर्नुपर्नेछ ।

३. उपदाफा १) बमोजिम आपसी समझदारीबाट बिवाद समाधान नभएमा विवादको सामाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थता द्धारा गरिनेछ ।

४. उपदफा २) बमोजिम मध्यस्थताद्धारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानुन बमोजिम हुनेछ ।

५. विशेष प्रकृतिका आयोजनाहरुका हकमा लागु हुने कानुन र विवाद समाधान सम्बन्धमा छुट्टै ब्यवस्था गर्नुपर्ने देखिएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**५८) क्षतिपूर्ति सम्बन्धी ब्यवस्थाः** १. आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन अन्तगत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी वापतको मनासिब माफिकको रकम सो काम गर्ने पक्षलाई क्षतिपुर्ति वापत बुझ्ाउनु पर्नेछ

२. उपदफा (१) बमोजिमको क्षतिपूर्ति जीतपुरसिमरा उपमहानगरपालिकाबाट व्यहोर्नुपर्ने भएमा त्यस्तो क्षतिपूर्ति वापतको रकम हिसाब गरी कार्यपालिकाले अनुमति-पत्रको अवधि थप गर्न सक्नेछ ।

## परिच्छेद- १०

## विविधः

**५९) गैरसरकारी वा स्थानीय सामुदायिक संघ-संस्था मार्फत आयोजना कार्यान्वयन गर्न सकिनेः** तोकिएको रकम सम्मको आयोजना लागत भएका आयोजना स्थानीय गैरसरकारी संस्था वा स्थानीय सामुदायिक संस्थालाई प्राथमिकता दिई कार्यान्वयन गर्न सकिनेछ।

**६०) संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँग मिली आयोजना कार्यान्वयन गर्न सक्नेः** संघ वा प्रदेश वा अन्य स्थानीय सरकार तथा तिनको निकाय, समिति, बोर्ड, प्राधिकरण लगायत अंगसँगको सहकार्य र समझदारीमा यस ऐन अन्तगतको सार्वजनिक-निजी साझेदारी आयोजना कार्यान्वयन गर्न सकिनेछ ।

**६१. निर्देशन दिन सक्नेः** सानिसा इकाईले सम्झौतामा उल्लेखित शर्तहरुको अधीनमा रही आयोजनाको कार्यान्वयनको सम्बन्धमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई समय समयमा आवश्यक निर्देशन दिन सकिनेछ ।

**६२) लिज वा भाडामा दिन वा बेचबिखन गर्न सक्नेः** १. सानिसा इकाईले अनुमति-पत्र प्राप्त व्यक्तिलाई जीतपुरसिमरा उपमहानगरपालिकाको स्वामित्वमा रहेको संस्थाको स्वामीत्व वा अधीनमा रहेको कुनै घर वा जग्गा लिज वा भाडामा दिन, कुनै मशिन, औजार बिक्री गर्न वा लिज वा भाडामा दिन सक्नेछ ।

२. उपदफा (१) बमोजिम लिज वा भाडामा दिदाँको शर्तहरु सम्झौतामा तोकिए बमोजिम हुनेछन्।

**६३) स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्नेः** अनुमति-पत्र प्राप्त व्यक्तिले आयोजना कार्यान्वयनको सिलसिलामा सम्भव भए सम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

**६४) अध्ययन प्रतिवेदन माथि अधिकार कायम रहनेः** प्रस्तावकले प्रस्ताव साथ पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ । प्रस्तावकले लिखित स्वीकृति बिना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरु अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गरिने छैन ।

**६५) नियम कार्यविधि तथा निर्देशिका बनाउने अधिकारः** यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ।

आज्ञाले,
डमरु प्रसाद निरौला
प्रमुख प्रसाशकिय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका